गाउँ कार्यपालिकाको बैठक औ

मिति २०८२/०३/२३

समयः विहान ७:०० बजे

आज मिती २०८२/०३/२३ गते यस टेम्केमैयुङ गाँउपालिकाका अध्यक्ष श्री सरोज वस्नेतको अध्यक्षतामाबसेको गाउँ कार्यपालिकको बैठकमा निम्न बमोजिमका सदस्यहरुको उपस्थितिमा देहायका प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

उपस्थीती

| | | |
|---|---|---|
| श्री सरोज वस्नेत | गा.पा. अध्यक्ष | |
| श्री रमादेवी राई | गा.पा. सदस्य | |
| श्री नर बहादुर राई | गा.पा. सदस्य | |
| श्री वाल चन्द्र राई | गा.पा. सदस्य | |
| श्री पूर्णप्रसाद राई | गा.पा. सदस्य | |
| श्री हर्कराज राई | गा.पा. सदस्य | |
| श्री सुनिल राई | गा.पा. सदस्य | |
| श्री सूर्यप्रसाद नेपाल | गा.पा. सदस्य | |
| श्री वाल वहादुर खड्का | गा.पा. सदस्य | |
| श्री कृष्ण बहादुर बाँनिया | गा.पा. सदस्य | |
| श्री नभराज माङ्गपाहाङ्ग | गा.पा. सदस्य | |
| श्री मकना देवी चर्मकार | गा.पा. सदस्य | |
| श्री ईन्दिरा घिमिरे राई | गा.पा. सदस्य | |
| श्री सावित्रा फुयल | गा.पा. सदस्य | |
| श्री सन्तोष राई | गा.पा. सदस्य | |
| श्री कल्पना परियार | गा.पा. सदस्य | |
| श्री अदित दाहाल | प्रमुख प्रशासकीय अधिकृत | |

श्री गंगा वहादुर तामाङ		का.वा. वडा अध्यक्ष वडा नं. ८

बैठक समन्वय सहयोगी

ईन्जिनियर श्री रामकुमार तामाङ

प्रशासन शाखा प्रमुख श्री गणेश प्रसाद धिमाल

सूचना प्रविधि अधिकृत श्री धिराज बस्नेत

लेखा शाखा प्रमुख श्री अर्जुनजंग बस्नेत

प्राविधिक श्री जितेन्द्र अधिकारी

योजना शाखा श्री लिला प्रसाद पराजुली

## प्रस्तावहरु

१) अघिल्लो कार्यपालिका वैठक समिक्षा सम्वन्धमा ।

२) भेरिएसन आदेश (VO) स्विकृत सम्वन्धमा ।

३) तहवृद्धि सम्वन्धमा ।

४) DPR स्विकृत गर्ने सम्बन्धमा।

५) मुन्दुम पदमार्गको दोस्रो प्याकेज भुक्तानी सम्बन्धमा।

६) कातिके गिरगिरे कुलो सिचाई योजनाको भुक्तानी सम्बन्धमा।

७) ठेक्काको म्याद थप सम्बन्धमा।

८) सडक गुरुयोजना स्वीकृत सम्वन्धमा ।

९) विविध ।

निर्णयहरु

निर्णय नं. १. अघिल्लो कार्यपालिका वैठक समिक्षा सम्वन्धमा ।

अघिल्लो कार्यपालिकाको बैठकवाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको बारेमा समिक्षा गरियो ।

निर्णय नं. २. भेरिएसन आदेश (VO) स्विकृत गर्ने सम्वन्धमा ।

यस गाउँपालिकाको ठेक्का न 08/BHO/TRM/ROAD/2081/82 को गोगने खोला मोटरेबल पुल बतासे-सल्लेनी टेम्केमैयुङ गा.पा. ७ को ठेक्का अरुण भ्याली ईन्जिनियरिङ कन्सल्ट एण्ड विल्डर्स, भोजपुरको नाममा स्वीकृत भई सझौता भए बमोजिमको निर्माण कार्यको अवस्थामा सडक चौडा गर्ने क्रममा सडकको भित्तामा रहेको सिंचाई कुलोको संरचना बिग्रिएको हुँदा उक्त कुलोको संरचनालाई व्यवस्थित गर्न उपभोक्ता समिति र ७ नं. वडा कार्यालयबाट निवेदन पेश भएको सम्बन्धमा उक्त कुलोको संरचना संरक्षण गर्न BOQ मा भएको भन्दा Earthwork, Stone Masonry Work र PCC Work को परिमाण वढी गर्नुपर्ने भएकोले उक्त वढी भएको परिमाणको कार्य सम्पन भएको हुँदा उक्त ठेक्काको १७.५८ प्रतिशत रकम बराबरको भेरिएसन आदेश (VO) स्विकृत गरि भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ३. तहबृद्धि सम्बन्धमा।

मिति २०८२/०२/१६ गते यस गाउँपालिकाबाट प्रकाशित तहबृद्धि सम्बन्धी सूचना अनुसार यस गाउँपालिकामा कार्यरत देहायका कर्मचारीहरु स्थानीय सरकारी सेवाको (गठन तथा संचालन) ऐन, २०८० को दफा २७ (१) बमोजिम र टेम्केमैयुङ गाउँपालिकाको कर्मचारी तहबृद्धि सम्बन्धी-कार्यविधि, २०८० को दफा ८ बमोजिम तहबृद्धि लागि तोकिए बमोजिमको योग्यता पुगेको भनि मिति २०८२/०३/१७ गते को तहबृद्धि सिफारिस समितिको बैठकले मिति २०८२/०४/०१ देखि जेष्ठता कायम हुने गरि तहबृद्धि गर्नका लागि सिफारिस गरेको निर्णयलाई अनुमोदन गरि उक्त निर्णय कार्यान्वयनका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई आदेश दिने निर्णय सर्वसम्मत पारित गरियो।

देहायः

तहबृद्धि हुने कर्मचारीको विवरण

| क्र.स. | हालको पद/तहको विवरण | तहबृद्धि हुने पद/तहको विवरण |
|---|---|---|
| १ | नामः अर्जुन जंग बस्नेत<br>सेवाः प्रशासन<br>समुह/उपसमुहः लेखा<br>पदः लेखापाल<br>तहः लेखापाल पाचौं<br>कार्यरत कार्यालयः टेम्केमैयुङ गाउँपालिका, भोजपुर | नामः अर्जुन जंग बस्नेत<br>सेवाः प्रशासन<br>समुह/उपसमुहः लेखा<br>पदः लेखा अधिकृत<br>तहः अधिकृत छैठौं<br>कार्यरत कार्यालयः टेम्केमैयुङ गाउँपालिका, भोजपुर<br>क.स. नं. २३९७८३ |

| | | |
|---|---|---|
| | स्थायी नियुक्तिः २०७६/११/११<br>क.स. नं. २३९७८३ | |
| २ | <u>हालको पद/तहको विवरण</u><br>नामः राजन ढकाल<br>सेवाः शिक्षा<br>समुहः शिक्षा प्रशासन<br>पदः प्राविधिक सहायक<br>तहः पाँचौं<br>कार्यरत कार्यालयः टेम्केमैयुङ गाउँपालिका, भोजपुर<br>स्थायी नियुक्तिः २०७६/११/२०<br>क.स. नं. २३९८१९ | <u>तहबृद्धि हुने पद/तहको विवरण</u><br>नामः राजन ढकाल<br>सेवाः शिक्षा<br>समुहः शिक्षा प्रशासन<br>पदः शिक्षा अधिकृत<br>तहः छैठौं<br>कार्यरत कार्यालयः टेम्केमैयुङ गाउँपालिका, भोजपुर<br>क.स. नं. २३९८१९ |

**निर्णय नं. ४. DPR स्विकृत गर्ने सम्बन्धमा।**

यस गाउँपालिकाको वडा नं ३ र ५ को सिमाना भएर बग्ने वाचिम्ले खोलामा मोटरेवल पुल निर्माण गर्ने सम्बन्धी "Preparation of Detail Project Report on Wachimle Khola Fedi Motorable RCC Bridge(Road Connecting Patigaun and Kerabari) at Temkemaiyung Rural Municipality" नामको DPR श्री अरुण भ्याली इन्जिनियरिङ कन्सल्ट एण्ड विल्डर्स भोजपुर न.पा. वडा नं ६ ले तयार गरि अन्तिम प्रतिवेदन पेश गरेको हुँदा उक्त प्रतिवेदन स्वीकार गरी भुक्तानी रकम रू. १४९३८६०।- दिने निर्णय गरियो।

**निर्णय नं. ५. मुन्दुम पदमार्गको दोस्रो प्याकेज भुक्तानी सम्बन्धमा।**

मुन्दुम पदमार्गमा भएको सार्वजनिक निर्माण तथा पुनर्निर्माण कार्य अन्तरगत दोस्रो प्याकेजमा भएको निर्माण कार्यको सम्पन्न भई प्राविधिक मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन सहित भुक्तानीका लागि माग भई आएको हुँदा भुक्तानी दिने मूल्याङ्कन बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ६. कातिके गिरगिरे कुलो सिचाई योजनाको भुक्तानी सम्बन्धमा।**

साना सिचाई कार्यक्रम अन्तर्गत यस गाउँपालिका वडा नं ७ मा रहेको कात्तिके गिरगिरे कुलो सिचाई योजनाको कार्य सम्पन्न गरी भुक्तानीको लागि माग भई आएकोमा केही उपभोक्ताले गुनासो गरेको हुँदा स्थालगत अध्ययन गर्न पालिका र साना सिचाई कार्यक्रमको संयुक्त टोलीले निरीक्षण गरि प्राविधिकबाट मूल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएको हुँदा सोही मूल्याङ्कन बमोजिमको भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ७.

क) ठेक्काको म्याद थप सम्बन्धमा।

यस कार्यालयबाट आ.व.२०८१।८२ मा संचालन भएका तपसिल बमोजिमका ठेक्काहरूको म्याद समाप्त भएकाले म्याद समाप्त भएको मिति देखि लागू हुने गरि २०८२ असार २४ सम्म म्याद थप गर्ने निर्णय गरियो।

तपसिल:

1. Bhamala Bhuruchowk Road Upgrading Work
2. Pangkhang Khambukha Sumlikha Road Upgrading Work
3. Construction of Birthing Center Building for Khawa Health Post
4. Construction of Health Care Building at Temkemaiyung RM Ward No. 09
5. Construction of Basic Health Care Center Building at Temkemaiyung RM Ward No. 01
6. Construction of Dumping Site for Recycle, Reculture and Management of Solid Waste

ख) ठेक्काको म्याद थप सम्बन्धमा।

यस कार्यालयबाट आ.व.२०८१।८२ मा संचालन भएका तपसिल बमोजिमका ठेक्काहरूको म्याद समाप्त भएकाले म्याद समाप्त भएको मिति देखि लागू हुने गरि २०८२ असार २९ सम्म म्याद थप गर्ने निर्णय गरियो।

तपसिल:

1. Construction of Basic Health Care Center Building at Temkemaiyung RM Ward No. 01

निर्णय नं. ८. सडक गुरुयोजना स्वीकृत सम्बन्धमा ।

यस गाउँपालिकाको आ व २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार सडक गुरुयोजना शिर्षकमा विनियोजित रकमबाट परामर्श सेवा खरिद प्रक्रिया अगाडि बढी हेभाएल इन्जिनियरिङ कन्सर्टलाई कार्यदेश दिइएकोमा तोकिएको समय अवधि सम्म अन्तिम प्रतिवेदन उपलब्ध भइ नसकेको हुदा यस आ. व.मा दायित्व सिर्जना गरी आगामी आ.व. २०८२/०८३ मा अन्तिम प्रतिवेदन प्राप्त भए पश्चात कार्यपालिकाको निर्णयबाट स्वीकृत गरि भुक्तानी गरिने निर्णय पारित गरियो ।

विविध

क) यस गाउँपालिकाको वडा नं. ३ को भुरुचोकमा प्रत्येक महिनाको १ र १५ गते लाग्दै आएको हाटबजारको बाल बिरौटी कर संकलन र बजारको फोहोरमैला व्यवस्थापन गर्ने कार्य अन्नपूर्ण बजार व्यवस्थापन समितिले सङ्कलन गर्दै आएको हुँदा प्रतिवजार १ जना मजदुरले पाउने पारिश्रमिक रु ८५०/- का दरले हुन आउने रकम उक्त बजार व्यवस्थापन समितिलाई उपलब्ध गराउने निर्णय गरियो ।

ख) यस गाउँपालिकाको आ.व. २०८१/०८२ मा स्वीकृत बजेट तथा कार्यक्रम अनुसार खुगे खोला सडक स्तरोन्नती वडा नं. ५ खावाको सडक विस्तारको क्रममा ट्र्याक ओपन कार्य खुगे खोला देखि २५० मिटरसम्म ग्रेड नमिलेको र विपद आइ क्षति गराएको हुनाले उक्त सडकको २५० मि. बाहेक बाँकी सडकको मात्र प्राविधिक मूल्याङकन गरि भुक्तानी दिने निर्णय गरियो ।